प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. ३
हेटौडा, मकवानपुर, नेपाल

## नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
प्रदेश नं. ३
हेटौडा, मकवानपुर, नेपाल

### प्रस्तावना

प्रदेशभित्रका नदी खोलाका नदीजन्य पदार्थको दीगो संरक्षण र व्यवस्थापन तथा सदुपयोग गरी सहज आपूर्ती गर्न र नदीप्रणालीबाट उत्खनन्, संकलन तथा बिक्री वितरण हुने पदार्थको अव्यवस्थित र अत्याधिक दोहन हुन नदिन, दिगो व्यवस्थापनको प्रबन्ध मिलाई सार्वजनिक निर्माण कार्यलाई सहज बनाउन कर तथा गैहृकर राजस्व सम्वन्धी ऐन २०७५ को दफा १५ को उपदफा ५ बमोजिमको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो अन्तरिम कार्यविधि वनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अनुगमन समिति" भन्नाले दफा १५ बमोजिमको प्रदेश वा जिल्ला वा स्थानीय तहको अनुगमन समिति सम्झनु पर्छ ।

(ख) "अनुमतिपत्र" भन्नाले कुनै नदीजन्य पदार्थको संकलन र विक्री वितरण गर्न यस कार्यविधि बमोजिम प्रदान गरिएको अनुमतिपत्र सम्झनु पर्छ।

(ग) "उद्योग" भन्नाले कच्चा पदार्थको रुपमा नदीजन्य पदार्थको प्रयोग हुने मेशिनरी औजार जडित उद्योग सम्झनु पर्छ र सो शब्दले क्रसर उद्योग, फिरफिरे, रिफाइनरी गर्ने उद्योग र यस्तै प्रकृतिका अन्य उद्योग समेतलाई जनाउँछ ।

(घ) "ऐन" भन्नाले कर तथा गैरकार राजस्व सम्वन्धी ऐन २०७५ सम्झनु पर्छ ।

(ङ) "नदीजन्य पदार्थ" भन्नाले यस प्रदेशको नदी, खोला, खोल्सी, खहरे, बाढी पहिरोले बगाई ल्याई नदी, खोल्सा र खहरेको किनार तथा आसपासका वन क्षेत्र वा सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र वा निजी जग्गामा थिग्रिएको ढुंगा, ग्राभेल, वालुवा, गिट्टी, मिस्कट, भस्कट, गेग्रान, माटो सम्झनु पर्छ ।

(च) "प्रदूषण" भन्नाले वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुर्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानी नोक्सानी पुर्याउने क्रियाकलाप सम्झनु पर्छ ।

(छ) "प्रदेश" भन्नाले प्रदेश नं ३ सम्झनु पर्छ ।

(ज) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले प्रचलित वातावरण सम्बन्धी कानून बमोजिमको प्रारम्भिक वातावरणीय परीक्षण सम्झनु पर्छ ।

(झ) "प्राविधिक समिति" भन्नाले दफा ५ (२) बमोजिमको समिति सम्झनु पर्छ ।

उपसचिव १(प्रा.)

प्रदेश सचिव

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

(ञ) "मन्त्रालय" भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ।

(ट) "वातावरण" भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरु, आर्थिक तथा मानवीय क्रियाकलाप र यसका अवयव तथा ती अवयवको बीचको अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनु पर्छ।

(ठ) "वातावरणीय प्रभाव मूल्यांकन" भन्नाले प्रचलित वातावरण सम्बन्धी कानून बमोजिमको वातावरणीय प्रभाव मूल्यांकन सम्झनु पर्छ ।

(ड) "विभाज्य कोष" भन्नाले अन्तर सरकारी वित्त व्यवस्थापन सम्बन्धी प्रचलित कानून बमोजिमको कोष सम्झनु पर्छ ।

(ढ) "संरक्षण" भन्नाले वातावरण तथा राष्ट्रिय सम्पदाको सुरक्षा, स्याहार, सम्भार, सम्बर्द्धन, व्यवस्थापन तथा सदुपयोग सम्झनु पर्छ।

(ण) "स्थानीय तह" भन्नाले नेपालको संविधान भाग ५ को धारा ५६ को उपधारा २ बमोजिमको स्थानीय तह सम्झनु पर्छ।

## परिच्छेद २

## प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन

३. <u>प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नुपर्ने:</u> (१) यस कार्यविधि बमोजिम नदीजन्य पदार्थ उत्खनन् र बिक्री वितरण गर्दा स्थानीय तहले प्रचलित वातावरण संरक्षण कानून वमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गरी सम्बन्धित निकायबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृत प्रतिवेदनको एक/एक प्रति प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय तथा मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(३) राष्ट्रिय वन भित्रका नदीबाट संकलन गर्नुपर्ने नदीजन्य पदार्थको हकमा सम्बन्धित स्थानीय तहले प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नु अघि सम्बन्धित डिभिजन वन कार्यालयको सहमति लिनु पर्नेछ ।

(४) राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र एवं संरक्षण क्षेत्रभित्रका नदीबाट संकलन गर्नुपर्ने नदीजन्य पदार्थको हकमा सम्बन्धित स्थानीय तहले प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नु अघि सम्बन्धित संरक्षित क्षेत्र कार्यालयबाट सहमति लिनु पर्नेछ ।

४. <u>प्रारम्भिक वातावरणीय परीक्षण तयारी सम्बन्धी व्यवस्था:</u> (१) वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम स्थानीय तहले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरी आफ्नो राय सहित सम्बन्धित जिल्ला समन्वय समितिमा पेश गर्नु पर्नेछ ।

(२) जिल्ला समन्वय समितिले प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृत गर्नुभन्दा अघि देहाय दफा ५(२) बमोजिमको प्राविधिक समितिको सिफारिशको आधारमा गर्नु पर्नेछ ।

उपसचिव (प्रा.) प्रदेश सचिव

(३) प्राविधिक समितिबाट सिफारिश सहित पेस भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन जिल्ला समन्वय समितिको बैठकले प्रचलित वातावरण संरक्षण सम्बन्धी कानून बमोजिम स्वीकृत गर्न सक्नेछ ।

## परिच्छेद ३

## नदीजन्य पदार्थको संकलन क्षेत्र तथा परिमाण निर्धारण

५. नदीजन्य पदार्थको सर्वेक्षण तथा क्षेत्र एकिन गर्नुपर्ने: (१) नदीजन्य पदार्थ संकलन गर्न सकिने संभावित क्षेत्रको विवरण सहितको कार्ययोजना हरेक आर्थिक वर्षको श्रावण १५ गतेभित्र (आर्थिक वर्ष २०७५/०७६ का लागि यो कार्यविधि स्विकृत भएको दुई महिनाभित्र) स्थानीय तहले जिल्ला समन्वय समितिमा पेश गर्नु पर्नेछ ।

(२) जिल्ला समन्वय समिति मातहत रहने गरी नदीजन्य पदार्थ संकलन गर्न मिल्ने क्षेत्रको पहिचान, निर्धारण तथा परिमाण एकिन गर्नका लागि देहायको प्राविधिक समिति रहनेछ ।

(क) जिल्ला समन्वय समितिको इन्जिनियर -संयोजक

(ख) मन्त्रालयले तोकेको अधिकृत प्रतिनिधि -सदस्य

(ग) पूर्वाधार विकास कार्यालयको सिभिल इन्जिनियर वा भौतिक पूर्वाधार विकास मन्त्रालयले तोकेको सिभिल इन्जिनियर प्रतिनिधि -सदस्य

(घ) सम्वन्धित स्थानीयतहको प्रमुखले तोकेको निर्वाचित प्रतिनिधि वा वडा अध्यक्ष -सदस्य

(ङ) सम्बन्धित वन अधिकृत -सदस्य

(च) संरक्षित क्षेत्रको क्षेत्राधिकार पर्ने क्षेत्रमा सम्बन्धित संरक्षित क्षेत्र कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य

(छ) सम्बन्धित स्थानीय तहको इन्जिनियर/ओभरसियर कर्मचारी -सदस्य

(ज) घरेलु तथा साना उद्योग कार्यालयको प्रतिनिधि -सदस्य

(झ) सम्वन्धित स्थानीय तहको अधिकृत -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (क) बमोजिमको इन्जिनियर नभएको अवस्थामा भौतिक पूर्वाधार विकास मन्त्रालयले तोकेको सिभिल इन्जिनियर प्रतिनिधिले संयोजकको काम गर्ने छ ।

(४) प्राविधिक समितिले संकलन गर्न सकिने नदीजन्य पदार्थको परिमाण र विधि एकिन गर्दा देहाय बमोजिमको क्षेत्रबाट मात्र प्रचलित कानून बमोजिम आवश्यक प्रकृया पूरा गरी उत्खनन् तथा संकलन गर्न सकिने गरी एकिन गर्नुपर्नेछ ।

(क) नदीबाट ढुङ्गा गिट्टी बालुवा र माटो-जन्य पदार्थ उत्खनन् र बिक्री वितरण गर्न वातावरणीय अध्ययन प्रतिवेदनले स्वीकृत गरेका स्थान तथा क्षेत्र,

(ख) नदी, खोला र खहरेमा बाढी पहिरोका कारणले ढुङ्गा र माटोजन्य पदार्थ थुप्रन गई सो को कारणले बस्ती तथा भौतिक संरचनामा जोखिम उत्पन्न हुन सक्ने अवस्था सृजना भई त्यस्ता पदार्थ हटाउनु पर्दा तोकिने स्थल,

(ग) सार्वजनिक तथा निजी जग्गाबाट उत्खनन् गरी ढुङ्गा र माटोजन्य पदार्थ निकाल्न सम्बन्धित निकायबाट निर्णय भै अनुमति प्रदान गरिएको क्षेत्र,

उपसचिव (प्रा.) प्रमुख सचिव

(घ) विभिन्न प्रकृतिका भौतिक पूर्वाधार, सडक तथा संरचनाहरु निर्माण गर्ने क्रममा उत्खनन् हुने क्षेत्र,

(ङ) जमिनलाई खेतियोग्य बनाउने क्रममा ढुङ्गा तथा माटोजन्य पदार्थ हटाउनु पर्दा सम्बन्धित स्थानीय तहवाट तोकिएको क्षेत्र,

(५) उपदफा (३) बमोजिमको प्राविधिक समितिको काम, कर्तब्य र अधिकार देहाय वमोजिम हुनेछः

(क) स्थानीय तहबाट प्राप्त कार्ययोजनाको आधारमा नदीजन्य पदार्थ संकलन गर्न सकिने खोला, नदी तथा सो को आसपासको क्षेत्र पहिचान गरी संकलन गर्न सकिने परिमाण र विधि एकिन गरी जिल्ला समन्वय समितिमा प्रतिवेदन सहित सिफारिश गर्ने,

(ख) खण्ड (क) वमोजिमको प्रतिवेदनमा संकलन गर्न सकिने प्रत्येक ठाउँको देहायका विषय सहित प्राविधिक विषयहरु समेत समावेश भएको हुनु पर्नेछः

(१) नदीजन्य पदार्थ संकलन गर्ने तरिका,

(२) संकलन गर्दा विचार गर्ने विषयहरु,

(३) खोला तथा नदीको पुनरुत्थानका तरिकाहरु,

(४) संकलन गर्ने क्षेत्र तथा परिमाण : लम्वाइ, चौडाइ, गहिराइ सहितका विवरणहरु,

(५) नदी किनार तथा सम्वेदनशील क्षेत्रबाट (पुल, वस्ती, वन क्षेत्र, रोड, पुरातात्विक महत्वका सम्पदा तथा हाईटेन्सनको टावर) छाड्नुपर्ने दुरी,

(६) उत्खनन् विधि र प्रयोग हुने मेशिन तथा औजार,

(७) नदीजन्य पदार्थहरु संकलन गर्न नहुने क्षेत्र

(८) भण्डारण गर्न सकिने क्षेत्र तथा अवधि ।

(ग) प्रतिवेदन तयार गर्ने क्रममा प्राविधिक समितिले सम्बन्धित स्थानीय तहका प्रतिनिधि र स्थानीय बासिन्दा समेतको रोहवरमा खण्ड (ख) मा उल्लेखित विषयहरु निर्धारण गरी प्रतिवेदनमा उल्लेखित गर्नुपर्नेछ ।

(६) राष्ट्रिय वन, राष्ट्रिय निकुञ्ज तथा आरक्षको मध्यवर्ती क्षेत्र तथा चुरे क्षेत्र एवं अन्य सम्वेदनशील क्षेत्रबाट माटो उत्खनन् गरिने छैन ।

(७) पानी बगिरहेको नदीको पिंधबाट कुनै पनि नदीजन्य पदार्थ संकलन गरीनेछैन र पानीभित्र कुनैपनि संकलन गर्ने साधन प्रवेश गर्न हुंदैन ।

(८) सडक विभाग र सम्वन्धित निकायले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा ढुंगा, गिटी र वालुवा उत्खनन् र संकलन गर्न वा सञ्चय गर्न हुंदैन ।

(९) सडकपुल भन्दा ५०० मिटर तल र माथिको नदी किनाराबाट ढुंगा र माटोजन्य पदार्थ उत्खनन् र संकलन गर्न हुंदैन।

(१०) उपदफा (८) र (९) मा जेसुकै कुरा लेखिएको भए तापनि नदीको सतह बढि सडक पुल वा बस्ती जोखिममा परेको भनि सम्बन्धित पुलको स्वामित्व रहेको निकायबाट सतह घटाउनु पर्ने भनि स्पष्ट किटानी गरेको आधारमा प्राविधिक समितिको सिफारिशमा स्थानीय तहले प्राविधिकको रोहवरमा तोकिएको हदसम्म मात्र त्यस्तो नदीजन्य पदार्थ हटाई विक्रि गर्न सक्नेछ ।

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

६. <u>प्रतिवेदन पेश गर्नुपर्ने</u>: (१) प्राविधिक समितिले हरेक वर्षको श्रावण महिनाभित्र (आर्थिक वर्ष २०७५/०७६ का लागि यो कार्यविधि स्विकृत भएको तिन महिनाभित्र) क्षेत्र निर्धारण तथा परिमाण एकिन गरेको प्रतिवेदन जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्नेछ ।

तर चालु आ.ब. ०७५।७६ मा ठेक्का लागि सकेको भए तापनि प्राविधिक समितिले प्रतिवेदन पेश गर्नुपर्नेछ र सोही प्रतिवेदन बमोजिम हुनेछ ।

(२) नदीजन्य पदार्थ संकलन गर्ने क्षेत्र निर्धारण तथा परिमाणको प्रतिवेदन प्राविधिक समितिबाट प्राप्त भएपछि जिल्ला समन्वय समितिले एक हप्ताभित्र कार्यान्वयनका लागि सम्वन्धित स्थानीय तहलाई पठाउनु पर्नेछ ।

(३) प्रतिवेदनमा उल्लेख गरिएको क्षेत्रबाट तोकिएको परिमाण मात्र संकलनका लागि सम्वन्धित स्थानीय तहले प्रचलित कानून वमोजिम ठेक्का वन्दोवस्त गर्नेछ ।

(४) नदीजन्य पदार्थको संकलन वा उत्खनन् क्षेत्र दुई वा दुई भन्दा बढी स्थानीय तहको क्षेत्रभित्र पर्ने अवस्था भएमा सम्बन्धित जिल्ला समन्वय समितिले आवश्यक व्यवस्था मिलाउनेछ।

(५) जिल्लाको सीमानामा पर्ने नदीबाट नदीजन्य पदार्थ संकलन तथा उत्खनन् गर्नुपर्दा मन्त्रालयले समन्वय गरी आवश्यक व्यवस्था मिलाउनेछ ।

(६) प्रदेशको सीमानामा पर्ने नदीबाट नदीजन्य पदार्थ संकलन उत्खनन् गर्ने सम्बन्धमा प्रदेश सरकारले सहजिकरण गरी आवश्यक व्यवस्था मिलाउने छ ।

## परिच्छेद ४

## <u>मूल्य, ठेक्का वन्दोवस्त, संकलन तथा उत्खनन विधि</u>

७. <u>मूल्य र करको दर</u>: (१) नदीजन्य पदार्थको मूल्य (संकलन शुल्क) प्रचलित कानून बमोजिमको हुनेछ ।

(२) नदीजन्य पदार्थको करको दर प्रदेश आर्थिक ऐनमा व्यवस्था भए वमोजिम हुनेछ ।

८. <u>ठेक्का बन्दोवस्त गर्ने</u>: (१) सम्बन्धित स्थानीय तहले आफ्नो क्षेत्रभित्र पर्ने नदीजन्य पदार्थ विक्री वितरण गर्न सार्वजनिक सूचना जारी गरी प्रचलित कानून वमोजिम ठेक्का बन्दोवस्त गरी बिक्री वितरण गर्नु पर्नेछ।

(२) लिलाम सकार गर्ने संस्था/फर्म वा कम्पनीले संकलन इजाजत लिदा सकार गरेको रकम एकमुष्ट सम्बन्धित स्थानीय तहमा अग्रीम बुझाउनु पर्नेछ।

(३) लिलाम सकार गर्ने संस्था/फर्म वा कम्पनीले मूल्य अभिवृद्धि कर राजस्व खातामा जम्मा गर्नु पर्नेछ ।

(४) स्थानीय ब्यक्ति, संघ, संस्थालाई स्थानीय उपयोगको लागि स्थानीय तहको कार्यपालिकावाट निर्णय गरी सकारकर्ताको दफा ७ अनुसारको मूल्य लिई ढुंगा, गिट्टी, माटो, बालुवाको पूर्जी काटेर दिन सक्नेछ ।

(५) सकारकर्ता फर्म वा कम्पनीले स्थानीय तहवाट अनुसूची- १ बमोजिमको संकलन इजाजत वा अनुमति पत्र लिएर मात्र नदीजन्य पदार्थ संकलन गर्नु पर्नेछ ।

उपसचिव (प्रा.)

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

९. <u>नदीजन्य पदार्थ संकलन अवधि</u>: नदीजन्य पदार्थको संकलन समय आश्विन देखि जेष्ठ मसान्त सम्म हुनेछ । कुनै खोला वा नदी विशेषको परिस्थितिलाई (नदीजन्य पदार्थ तत्काल नहटाउँदा थप जन, धन र वातावरणमा क्षति पुग्ने सक्ने स्थिती) अध्ययन गरी यो समय प्राविधिक समितिको सिफारिसमा जिल्ला समन्वय समितिले म्याद थपघट गर्न सक्नेछ ।

१०. <u>उत्खनन् तथा संकलन विधि</u>: (१) उत्खनन् पश्चात के कति परिमाण निकालेको रहेछ भनि नापजाँच गर्न मिल्ने गरी निशाना लगाई निर्धारित परिमाण भन्दा बढी उत्खनन् गर्न नपाउने गरी साँध, किल्ला र निसानाको व्यवस्था गरी उत्खनन् कार्यको थालनी गर्नु पर्नेछ ।

(२) नदीजन्य पदार्थ उत्खनन् गर्दा रेखाङ्कन गरिएको क्षेत्रभित्रको सीमाबाट मात्र वातावरणीय अध्ययन प्रतिवेदन तथा प्राविधिक समितिको प्रतिवेदनमा श्रममूलक प्रविधि वा मेशिनको प्रयोग सम्बन्धमा भएको व्यवस्था बमोजिम गर्नु पर्नेछ ।

(३) नदीजन्य पदार्थको संकलन, उत्खनन् गर्ने परिमाण, गहिराई, स्थान, प्रविधि तथा समय समेत सम्झौतामा नै तोकि दिनु पर्नेछ र सो अनुसारको सूचना उत्खनन् गर्ने स्थानमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) स्थानीय तहले उत्खनन् गरीने परिमाण, चार किल्ला, उत्खनन् विधि र निर्धारित विधि अनुसार उत्खनन् भएको वा नभएको संबन्धमा गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क नं. लगायतका जानकारी मुलक सूचना बोर्ड संकलन स्थलमा राख्ने व्यवस्था गर्नु पर्नेछ ।

(५) उत्खनन् स्थल सम्म जाने र फर्कने मार्ग निर्धारण स्थानीय तहले स्थानीय सहमतिका आधारमा गर्नुपर्नेछ । यस्तो मार्ग वनक्षेत्रभित्र पर्ने भएमा सम्बन्धित वन कार्यालयको सहमति लिनु पर्नेछ ।

(६) संकलनकर्ताले नदी वा खोलामा उत्खननका लागि साधन सहित प्रवेश गर्दा अनुसूची-२ अनुसारको प्रवेश ईजाजत लिएर मात्र उत्खनन् गर्ने व्यवस्था मिलाउनु पर्नेछ । उत्खनन् परिमाणको दैनिक तेरिज तयार गरी अभिलेख राख्ने व्यवस्था गर्नु पर्नेछ ।

(७) नदीबाट उत्खनन् गर्दा वातावरणीय अध्ययन प्रतिवेदन र प्राविधिक प्रतिवेदनमा तोकिएको गहिराई सम्म मात्र तह मिलाई खाडल नदेखिने गरी उत्खनन् गर्नु पर्ने छ । संकलन र उत्खनन् गर्दा नदीको पानीको बहाव क्षेत्र परिवर्तन गर्ने गरी उत्खनन् गर्न हुंदैन ।

(८) संकलन र उत्खनन् कार्यमा खटिने ठेकेदारले वातावरण अध्ययन प्रतिवेदनमा उल्लेख भएका सर्त, ठेक्का सर्त, अनुगमन समिति, प्राविधिक समिति र सम्बन्धित स्थानीय तहले अनुगमनका क्रममा दिएका निर्देशन पालना गर्नु पर्नेछ ।

(९) नदीको भिरालो क्षेत्रबाट संकलन वा उत्खनन् गर्दा कुनैपनि मेशिनरी औजार प्रयोग गर्न हुँदैन ।

(१०) राष्ट्रिय वन, राष्ट्रिय निकुञ्ज तथा आरक्षको मध्यवर्ती क्षेत्र तथा चुरे क्षेत्र एवं अन्य सम्वेदनशील क्षेत्रबाट ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् गर्दा सामान्यत डोजर, एक्जाभेटर, लोडर जस्ता हेवी ईक्वीपमेण्ट प्रयोग गर्न हुँदैन ।

उपसचिव (प्रा.)

प्रदेश सचिव

तर त्यस्तो क्षेत्रबाट वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएको विधि, प्रकृया र प्राविधिक समितको सिफारिश अनुसारको मेशिनरी औजार प्रयोग गरी तोकिएको मापदण्ड र परिमाणमा संकलन तथा उत्खनन् गर्न सकिनेछ ।

(११) उत्खनन् स्थलमा काम गर्ने कामदारको सुरक्षा र बिमा सम्बन्धी व्यवस्था, न्यूनतम पारिश्रमिक ज्यालाको भुक्तानी नियमित रुपमा गर्ने व्यवस्था सम्बन्धित उत्खनन् र संकलनकर्ताले मिलाउने गरी ठेक्का वन्दोवस्त गर्नु पर्नेछ । यसरी कामदार लगाउँदा करार गरी लगाउनु पर्नेछ ।

(१२) उत्खनन्, संकलन तथा विक्री वितरणमा बाल श्रमको प्रयोग गर्न हुंदैन।

(१३) अनुमति प्राप्त फर्म वा कम्पनीले विहान ६:०० बजे देखि वेलुकी ६:०० बजेसम्म को समयावधिभित्र मात्र नदीजन्य पदार्थ संकलन र विक्री वितरण गर्नु पर्नेछ ।

(१४) उत्खनन् तथा विक्री वितरण स्थल र मुख्य बसोबास, विद्यालय, अस्पताल, नदी माथिका संरचना, पुल, जलविद्युत केन्द्र, सिंचाइकुलो, खानेपानी लगायतका अन्य सम्वेदनशील संरचना बीचको दूरी तथा उत्खनन् गर्ने स्थान, परिमाण, गहिराइ सम्बन्धी व्यवस्था वातावरणीय प्रतिवेदनमा उल्लेख भए अनुसार तथा प्राविधिक समितिले तोकिएको मापदण्डको आधारमा सिफारिश गरे बमोजिम हुनेछ।

(१५) उत्खनन् तथा विक्री वितरणबाट वातावरण प्रदूषण गर्न हुंदैन र त्यस स्थानबाट निस्कासित फोहोरमैलाको व्यवस्थापन सम्बन्धित कम्पनी वा फर्मले नै गर्नु पर्नेछ।

(१६) उत्खनन् र विक्री वितरण कार्यको स्पष्ट अभिलेख राखी कम्पनी वा फर्मले आयकर प्रयोजनको लागि प्रतिवेदन तयार गरी आयकर तिर्नु पर्नेछ । कर कार्यलयले उत्खनन् र बिक्री वितरण गर्ने फर्म वा कम्पनीको विस्तृत कर परीक्षण गर्न सक्नेछ।

(१७) सम्बन्धित उत्खनन् र विक्री वितरण गर्ने फर्म वा कम्पनीले नदीजन्य पदार्थको संकलन र उत्खनन् तथा प्रशोधन कार्यमा संलग्न मजदुरलाई सुरक्षा तालिम र सुरक्षा सामाग्री उपलब्ध गराउन पर्नेछ ।

११. <u>पुनस्थापना सम्बन्धी व्यवस्था</u>ः नदीजन्य पदार्थको संकलन गरिएको क्षेत्रको पुनस्थापनाका लागि नदी किनार तथा आसपासका क्षेत्रमा सम्बन्धित स्थानीय तहले वन कार्यालय समेतको प्राविधिक सहयोग लिइ बाँस लगायतका विरुवाहरु वृक्षारोपण सहितका वायोइन्जिनियरिङ्ग सम्बन्धी कामहरु गर्नु पर्नेछ।

१२. <u>ओसार पसार गर्ने विधि</u>ः (१) नदीजन्य पदार्थ लोड भएका सवारी साधनहरुले ढुवानी अवधिभर पटके नदी प्रवेश आदेश र राजश्व तिरेको निस्सा साथमा लिएर मात्र ओसार पसार गर्नु पर्नेछ ।सो निस्सा ३ प्रति छापि १ प्रति ढुवानी गर्ने साधनमा, १ प्रति स्थानीय तहमा र १ प्रति सकारकर्ताकोमा रहनेछ व्यवस्था गर्नु पर्नेछ ।

(२) नदीजन्य पदार्थ ढुवानी गरी लैजाने सवारी साधनले पटके नदी प्रबेश आदेश र राजश्व तिरेको प्रमाणमा सबै विवरण स्पष्टसँग भर्न लगाई लिनु पर्नेछ । पटके आदेशमा उल्लेखित विवरण (मिति, समय, सवारी नं, ढुवानी गरी लैजाने स्थल, परिमाण, पदार्थको प्रकार, संकलन गरेको स्थल आदि ।) अनुगमनका क्रममा फरक परेको देखिएमा ठेक्काको सर्त उल्लघन भएको मानिनेछ ।

(३) नदीजन्य पदार्थ उत्खनन् भएको स्थानबाट ओसार पसार गर्ने समय तोकि दिनु पर्नेछ।

(४) नदीजन्य पदार्थ ढुवानी गर्दा ट्रेक्टर र २५० घन फुट सम्मको ट्रक वा टिप्परको प्रयोग गर्न दिने गरी व्यवस्था मिलाउनु पर्छ ।

उपसचिव (प्रा.) प्रदेश सचिव

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

(५) नदीजन्य पदार्थ ढुवानी गर्ने सवारीले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न पाइने छैन ।

(६) नदीजन्य पदार्थ ढुवानी गर्ने साधनले संकलन वा उत्खनन् स्थलबाटै ढुवानी साधनलाई छोपी प्रदूषण नहुने व्यवस्था मिलाउनु पर्नेछ । यस्ता ढुवानी साधनको गति ४० कि.मी. प्रति घण्टा भन्दा बढी हुन नपाउने र पानी चुहाउन समेत नपाउने व्यवस्था मिलाउनु पर्नेछ ।

(७) मूलबाटोबाट संकलन तथा उत्खनन् स्थल तर्फ सवारी साधन प्रवेश हुने मार्गमा धुलो उड्न नदिन नियमित रुपमा पानी छर्कने प्रबन्ध उत्खननकर्ता र ढुवानी कर्ताले मिलाउनु पर्नेछ ।

(८) नदीजन्य पदार्थ लोड गरी ओसार पसार गर्ने क्रममा लोड सवारी साधन गन्तव्यमा नपुगन्जेल सडकमा पार्किङ्ग गर्न पाईनेछैन । सवारी साधन बिग्रेको हकमा यथासम्भव छिटो सडकबाट किनारा लगाउने व्यवस्था ढुवानीकर्ताले मिलाउनु पर्नेछ ।

(९) नदीजन्य पदार्थको ओसार पसार गर्न निर्धारण गरिएको माथि उल्लेखित विधिको परिपालना सम्बन्धमा स्थानीय तहले प्रभावकारी अनुगमनको प्रबन्ध मिलाउनु पर्नेछ ।

(१०) कुनै स्थानीय तहबाट वा कुनै प्रदेशबाट अर्को कुनै स्थानीय तह वा प्रदेशमा नदीजन्य पदार्थको ओसार पसार र ढुवानी गर्दा कसैले अवरोध वा कुनै किसिमको थप कर, शुल्क वा दस्तुर लिन नपाउनुका साथै ढाट राखी अतिरिक्त शुल्क असुल गर्न पाइने छैन ।

(११) नदीजन्य पदार्थ ढुवानी गर्दा ढुवानी साधनमा तोकिएको क्षमता भन्दा बढी हुने गरी थप नदीजन्य पदार्थ ढुवानी गर्न पाईने छैन ।

१३. <u>नदीजन्य पदार्थको भण्डारण</u>ः (१) नदीजन्य पदार्थ संकलन स्थलबाटै सिधै बजारमा लागी विक्री वितरण गर्न सकिनेछ । वजारमा माग नभएको अवस्थामा मात्र सम्बन्धित स्थानीय तहबाट स्वीकृति लिई भण्डारण गर्नु पर्नेछ ।

(२) नदीजन्य पदार्थ संकलनकर्ताले वनक्षेत्र, चुरे क्षेत्र, मध्यवर्ती क्षेत्र, सार्वजनिक सडकको राईट अफ वे, सार्वजनिक सम्पत्तिको किनार आसपास, पानीको मुहान एवं धार्मिक तथा साँस्कृतिक महत्वका पुर्वाधारको आसपास एवं विद्यालय/कलेज/स्वास्थ्य संस्थाको आसपास भण्डारण गर्न हुंदैन ।

(३) संकलनकर्ताले भण्डारणका लागि आफ्नै स्वामित्व वा भाडामा वा सम्झौता गरी प्रचलित कानूनको प्रकृया पुरा गरी प्राप्त गरेको जमिनमा भण्डारण गर्न सक्नेछ ।

(४) निषेधित क्षेत्र तथा सार्वजनिक ऐलानी तथा पर्ती क्षेत्रमा विना अनुमति नदीजन्य पदार्थ भण्डारण गरेमा स्थानीय तहले जफत गर्नेछ । यसरी जफत भएको नदीजन्य पदार्थ सम्वन्धित स्थानीय तहले लिलाम गर्नेछ ।

(५) नदीजन्य पदार्थ संकलनकर्ता फर्म वा कम्पनीले आफ्नै खर्चमा वन कार्यालयको सहयोग लिइ भण्डारण तथा प्रशोधन गर्ने क्षेत्रको वरिपरी कम्तीमा दुई तहको वृक्षारोपण वा सेल्टरवेल्ट स्थापना गर्नु पर्नेछ ।

(६) संकलन र उत्खनन् गरिएको नदीजन्य पदार्थ वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परिमाण भन्दा बढ्ने गरी संचय गर्न हुंदैन ।

उपसचिव (प्रा.)

प्रदेश सचिव

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## परिच्छेद ५

## आयोजनाको लागि विशेष व्यवस्था

१४. **आयोजनाको लागि विशेष व्यवस्था:** नेपाल सरकार वा प्रदेश सरकारवाट संचालित राष्ट्रिय गौरवका/प्रदेश गौरवका आयोजना वा ठूला आयोजनाहरुका लागि नदीजन्य पदार्थको अभाव हुन नदिनका लागि सम्बन्धित स्थानीय तहले देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) नेपाल सरकारका २०७२।१०।२० को निर्णय समेतको आधारमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र विकास साझेदारबाट संचालित आयोजनाहरुलाई आवश्यक पर्ने ढुङ्गा, गिट्टी, वालुवा कुनै स्थान विशेषको प्रयोग गर्नुपर्ने भनि आयोजना मार्फत मागभई आएमा वातावरणीय अध्ययनको आधारमा प्रदेश सरकारले तोकिए वमोजिमको राजस्व बुझाई तोकिएको स्थानबाट सोझै उठाउने निर्णय गर्न सक्नेछ ।

(ख) प्रकरण (क) अनुसारको स्थानमा ठेक्का वन्दोवस्त भईसकेको भएमा सकार रकममा उपलब्ध गराउन मन्त्रालयले सकारकर्तालाई निर्देशन दिन सक्नेछ ।

(ग) प्रकरण (क) र (ख) वमोजिम प्राप्त गरेको ढुङ्गा, गिट्टी, वालुवाको प्रयोग आयोजनाको लागि मात्र गर्नु पर्नेछ । अन्यत्र प्रयोग भएमा कानून वमोजिम कारवाही हुनेछ ।

(घ) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट तथा विकास साझेदारबाट संचालित आयोजनाहरुको लागि ढुङ्गा, गिट्टी, वालुवाको ओसार पसार र ढुवानी गर्दा समेत कार्यविधिमा उल्लेखित प्रकृया पूरा गर्नु पर्नेछ ।

(ङ) नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारको सहयोगमा संचालित परियोजनाहरुलाई नदीजन्य पदार्थ उपलब्ध गराउनु पर्दा सम्बन्धित आयोजना कार्यालयको आबश्यक परिमाण खुल्ने व्यहोराको सिफारिश, सम्बन्धित निकायले स्वीकृत गरेको वातावरणीय अध्ययन प्रतिवेदन, आयोजनाको बृहत अध्ययन प्रतिवेदन र आयोजना संचालन गर्ने गरी भएको सम्झौता लगायतका कागजातको आधारमा सम्बन्धित स्थानीय तहमा राजस्व बुझाउने गरी उपलब्ध गराउन सकिनेछ ।

(च) वैदेशिक सहायताबाट सञ्चालित परियोजनाको हकमा संघीय सरकारको निर्णय बमोजिम नदीजन्य पदार्थ निःशुल्क रूपमा उपलब्ध गराउनुपर्ने भएमा सम्बन्धित योजनाको सम्झौतामा सो बिषय खुलेको हुनु पर्नेछ ।

(छ) नेपाल सरकार वा प्रदेश सरकारवाट संचालित राष्ट्रिय गौरवका/प्रदेश गौरवका आयोजना वा ठूला आयोजनाहरुले नदीजन्य पदार्थको प्रयोग गर्दा अनिवार्य रुपमा नदीजन्य पदार्थको मूल्य र कर तिर्नु पर्नेछ ।

उपसचिव

प्रदेश सचिव

## परिच्छेद-६

### अनुगमन तथा मूल्याङ्कन सम्वन्धी व्यवस्था

१५. **अनुगमन समिति सम्बन्धी ब्यवस्था**: (१) नेपाल सरकार मन्त्रिपरिषद बैठक संख्या [illegible]/०७५ मिति २०७५/०६/२८ को निर्णय अनुसार जिल्ला अनुगमन तथा समन्वय समिति गठन र कायदिश स्वीकृत भएकोले स्वीकृत कार्यदेश अनुसार देहाय बमोजिमको जिल्ला अनुगमन तथा समन्वय समितिद्धारा नदीजन्य तथा खनिजजन्य पदार्थको उत्खनन् तथा विक्रि वितरण प्रक्रियाको अनुगमन हुनेछ ।

(क) जिल्ला समन्वय समितिको प्रमुख -संयोजक

(ख) जिल्ला समन्वय समितिको उप-प्रमुख -सदस्य

(ग) प्रमुख जिल्ला अधिकारी -सदस्य

(घ) जिल्ला प्रहरी प्रमुख -सदस्य

(ङ) शसस्त्र प्रहरी बल प्रमुख -सदस्य

(च) नेपाल सरकार वा प्रदेश सरकार अन्तरगत जिल्लामा कार्यरत वन वातावरण तथा भू-संरक्षण सम्बन्धि अनुगमन समितिले तोकेको कार्यालयको कार्यालय प्रमुख -सदस्य

(छ) नेपाल सरकार वा प्रदेश सरकार अन्तरगत जिल्लामा कार्यरत मध्येबाट समितिले तोकेको इन्जिनियर -सदस्य

(ज) जिल्ला समन्वय अधिकारी -सदस्य सचिव

(२) प्रचलित कानून बमोजिम संकलित नदीजन्य पदार्थ जिल्ला अनुगमन तथा समन्वय समितिले मौज्दात प्रमाणित गरी विक्रि वितरण गर्न स्वीकृति दिनेछ।

(३) जिल्ला अनुगमन तथा समन्वय समितिले मौज्दात प्रमाणित गरी विक्रि वितरणको अनुमति दिंदा आर्थिक वर्षको मौज्दात शून्य हुने गरी अनुमति दिनु पर्नेछ ।

(४) अनुगमन कार्य एवं वातावरणीय मूल्याङ्कन तथा प्राविधिक समितिले गर्ने कार्यहरु लगायतका कामहरु संचालनका लागि स्थानीय तहले शून्य दशमलब पाँच (०.५) प्रतिशत राजस्व जिल्ला समन्वय समितिको खातामा उपलव्ध गराउनु पर्नेछ ।

(५) स्थानीय तहले देहाएको स्थानीय अनुगमन समिति गठन गरी नियमितरुपमा अनुगमन गरी प्रतिवेदन जिल्ला अनुगमन तथा समन्वय समिति समक्ष पेश गर्नु पर्नेछ ।

(क) स्थानीय तहको प्रमुख -संयोजक

(ख) सम्वन्धित स्थानीय तहको वातावरण समितिको अध्यक्ष -सदस्य

(ग) सम्वन्धित स्थानीय तहको प्रविधिक इन्जिनियर/सव-इन्जिनियर -सदस्य

(घ) सम्बन्धित सव डिभिजन वन कार्यालयको प्रतिनिधि -सदस्य

(ङ) सम्वन्धित वडाको वडा अध्यक्ष -सदस्य

(च) सम्बन्धित प्रहरी कार्यालयको प्रमुख -सदस्य

(छ) सम्वन्धित स्थानीय तहको प्रसाशकीय अधिकृत -सदस्य सचिव

(६) मन्त्रालयले आँफैले वा आवश्यक्ता अनुसार प्रादेशीक अनुगमन समिति वनाई अनुगमन गर्न सक्नेछ ।

उपसचिव प्रा। प्रदेश सचिव

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

१६. <u>अनुगमन सम्बन्धी थप व्यवस्थाः</u> (१) प्रदेशभित्रका क्षेत्रमा ढुङ्गा, गिट्टी, वालुवाको उत्खनन् तथा संकलन गर्ने कार्य र सो को प्रशोधन तथा विक्रि वितरण गर्नेसम्बन्धी कार्यको लागि मन्त्रालयवाट गठन हुने प्रादेशिक अनुगमन समितिलाई सम्बन्धित स्थानीय तह र जिल्ला अनुगमन तथा समन्वय समितिले सहयोग पुर्याउनु पर्नेछ ।

(२) मन्त्रालयले सम्बन्धित जिल्ला समन्वय समिति तथा स्थानीय तह सँगको समन्वयमा ढुङ्गा, गिट्टी, वालुवा व्यवस्थापन सम्बन्धमा जुनसुकै बेला अनुगमन गरी आवश्यक कदम चाल्न र निर्देशन दिन सक्नेछ । साथै जिल्ला समन्वय समितिले सम्बन्धित स्थानीय तह सँगको समन्वयमा ढुङ्गा, गिट्टी, वालुवा व्यवस्थापन सम्बन्धमा जुनसुकै बेला अनुगमन गरी आवश्यक कदम चाल्न र निर्देशन दिन सक्नेछ ।

(३) ढुङ्गा, गिट्टी, वालुवाको उत्खनन् कार्य प्रारम्भ भई सकेपछि यस कार्यविधि र वातावरण अध्ययन प्रतिवेदन बमोजिम भए नभएको सम्बन्धमा स्थानीय अनुगमन समितिले नियमित अनुगमन गर्नु पर्नेछ ।

(४) संकलन, उत्खनन् तथा ओसार पसारका शर्तहरुको परिपालना, उत्खनन् परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी नियन्त्रण जस्ता कार्यको जुनसुकै बेला अनुगमन गर्न जिल्ला अनुगमन तथा समन्वय समितिले आवश्यक जनशक्ति परिचालन गर्न सक्नेछ ।

(५) अनुगमन कार्यका लागि परिचालित हुने जिल्ला अनुगमन तथा समन्वय समितिलाई स्थानीय तहले आवश्यकतानुसार सहयोग गर्नु पर्नेछ ।

(६) उल्लेखित अनुगमन व्यवस्था अनुसार उत्खनन् तथा ओसार पसारका लागि यस कार्यविधिमा गरिएको सबै व्यवस्थाको परिपालना भए नभएको, निषेधित क्षेत्रमा प्रवेश गरी चोरी उत्खनन् गरे नगरेको, अन्य सरकारी सार्वजनिक जग्गामा चोरी उत्खनन् भएको, तथा नदीजन्य पदार्थको राजश्व छली हुने अवस्था रहेको, अनुमति वेगर भारी यान्त्रिक औजारको प्रयोग गरको लगायतका विषयमा जिल्ला अनुगमन तथा समन्वय समितिले अनुगमन गरी प्रचलित व्यवस्था अनुसार कारवाही गर्नुपर्नेछ ।

(७) ढुङ्गा, गिट्टी, वालुवा लगायत तथा नदीजन्य पदार्थको बजार मूल्यको अनुगमन सम्बन्धित स्थानीय तहले गर्न सक्न सक्नेछ ।

(८) ठेक्का सम्झौता पालना नगरेमा वा राजश्व छली हुने गरी संकलन तथा ओसार पसार गरेमा वा यो कार्यविधि विपरीत हुने गरी कुनै काम गरेमा प्रचलित कानूनको अधिनमा रही जरीवाना तोक्ने अधिकार जिल्ला अनुगमन तथा समन्वय समितिलाई हुनेछ । र त्यस्तो जरिवाना रकम राजस्व खातामा जम्मा गर्नुपर्नेछ ।

(९) ढुङ्गा, गिट्टी, वालुवाको उत्खनन् गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएको हकमा सोही बमोजिम र उल्लेख नभएको हकमा एक्साभेटर डोजर लगायतका हेभि औजारको प्रयोग पूर्ण रुपले बन्देज गर्नु पर्नेछ । तर एक्साभेटर तथा ठूला गह्रौं उपकरण प्रयोग गरी उत्खनन् गर्दा कुनै नदीबाट दैनिक २५० घ.मी नबढ्ने गरी दक्ष प्राविधिकको निगरानीमा कम भन्दा कम मेसिनहरू सम्बन्धित निकायको अनुमतिमा प्रयोग गर्न सकिने छ ।

उपसचिव (प्रा.)

प्रदेश सचिव

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

(१०) ढुङ्गा, गिट्टी, वालुवाको उत्खनन् गर्दा वातावरणीय अध्ययन प्रतिवेदन तथा प्राविधिक समितिले पेश गरेको प्रतिवेदनमा उल्लेख भए बमोजिम प्रत्येक वर्षको बर्षात् समय सकिए पछि, नदीको अनुगमन गरी जम्मा भएको नदीजन्य पदार्थको अवस्थालाई स्थलगत रुपमा हेरी नदीको अवस्था अनुसार प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन संशोधन गर्नु पर्ने भएमा जिल्ला समन्वय समितिले गर्न सक्नेछ ।

(११) अनुगमनको क्रममा कुनै नदीमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिमको उत्खनन् योग्य परिणाम उत्खनन् भैसकेको पाइएमा ठेक्का अवधी बाँकी रहे पनि उक्त नदीमा उत्खनन् गर्ने कार्य बन्द गर्नु पर्ने छ । यस प्रावधानलाई अनिवार्य रुपमा ठेक्का सम्झौतामा उल्लेख गर्नु पर्नेछ ।

(१२) विगतका आर्थिक वर्षमा ठेक्का लिई वा नलिई नदी किनारा तथा वन क्षेत्रमा भण्डारण गरेको नदीजन्य पदार्थ जफत गरी लिलाम गर्ने व्यवस्था सम्बन्धित स्थानीय तहले मिलाउनु पर्ने छ र उक्त कार्यमा जिल्ला अनुगमन तथा समन्वय समितिले सहयोग गर्नुपर्ने छ ।

(१३) लिलाम सकारकर्ता संकलक फर्म वा कम्पनीले अनुगमन समितिलाई अनुगमन कार्यमा पुर्ण सहयोग गर्नु पर्नेछ ।

१७. <u>संकलन तथा विक्रि वितरणमा रोक</u> : (१) नदीजन्य पदार्थको अन्वेषण, उत्खनन् तथा विक्रिवितरणको कारण कुनै स्थानमा दुर्लभ तथा संकटापन्न वनस्पति तथा बन्यजन्तुको वासस्थानमा खतरा, दैविक/प्राकृतिक प्रकोप, पुरात्वात्विक महत्वका स्थान, भू-स्खलन भइ क्षति हुन सक्ने स्थान वा सरकारले सम्वेदनशील क्षेत्र भनि तोकेका स्थान लगायतका वा अन्य कुनै विषम परिस्थितिको श्रृजना भएमा मन्त्रालयले जुनसुकै बखत नदीजन्य पदार्थको अन्वेषण, उत्खनन् तथा विक्रिवितरणमा रोक लगाउन सक्नेछ ।

(२) त्यसरी रोक लगाउँदा मन्त्रालयले रोक लगाउने स्थानको चारकिल्ला र समयावधी तोकी सूचना प्रकाशन गर्नेछ ।

## परिच्छेद ७

## <u>नदीजन्य पदार्थको प्रशोधन सम्बन्धी व्यवस्था</u>

१८. <u>क्रसर तथा वालुवा उद्योग संचालन सम्बन्धी दूरी मापदण्ड</u>: (१) क्रसर उद्योगहरुको स्थापना सम्वन्धमा नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७०।०३।२७ र मिति २०७०।०५।१७ को निर्णयलाइ प्रमुख आधार मानी भौगोलिक विषमातको आधारमा जनसंख्या तथा वातावरण मन्त्रालयको रोडा ढुङ्गा संकलन तथा क्रशर उद्योगको दुरी सम्बन्धी मापदण्ड, २०७३ लागू गरिनेछ । क्रसर उद्योग स्थापना गर्दा पालना गर्नुपर्ने दुरी सम्बन्धी मापदण्ड अनुसूची-३ वमोजिम हुनेछ ।

(२) प्रस्तुत मापदण्ड लागू भएपछि नयाँ स्थापना हुने उद्योगहरुले वातावरणीय अध्ययन प्रतिवेदनमा संकलन, उत्खनन् गर्ने कच्चा पदार्थको स्थान, क्षेत्रफल, परिमाण, समयावधि र स्रोतको विवरण तथा त्यस्तो क्षेत्रको रेखांकन सहितको नाप नक्शा अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ।

उपसचिव (प्रा.)    प्रदेश सचिव

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश सरकार
हेटौंडा, मकवानपुर, नेपाल

(३) नदीजन्य पदार्थ प्रशोधन कारखाना स्थापना गर्दा साईड ड्रेन र हिलो थेग्ने पोखरीको (सेटिङ्ग पोण्ड) व्यवस्था गरेको हुनु पर्नेछ ।

(४) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गरी स्थापना वा सञ्चालन गरेका, क्रसर तथा प्रसोधन उद्योगले आफ्नो उद्योगको वार्षिक क्षमताको अधिनमा रही संकलन तथा उत्खनन् गर्ने कच्चा पदार्थको स्रोत खुलाउनुपर्ने तथा हरेक वर्षको लागि असार मसान्तभित्र यस्तो उत्पादनको वार्षिक मौज्दात तथा आय व्यय सार्वजनिक गरी सोको जानकारी सम्बन्धित स्थानीय तहलाई दिनु पर्नेछ । यस बमोजिमको मापदण्ड पुरा नगर्ने उद्योगहरु तत्काल बन्द गर्न सम्बन्धित स्थानीय तहले आदेश दिन सक्नेछ ।

(५) मापदण्ड पुरा नगरी स्थापना भई संचालन भएका नदीजन्य पदार्थ प्रसोधन उद्योगले तीन महिनाभित्र यो मापदण्ड वमोजिम स्थानान्तरण हुनु पर्नेछ । दर्ता नभई संचालनमा रहेका र उक्त अवधिभित्र स्थानान्तरण नहुने उद्योग स्वतः खारेज हुनेछ ।तर काबुवाहिरको परिस्थिति श्रृजना भई स्थानानान्तरण हुन नसकेमा प्रदेश सरकारको निर्णय अनुसार हुनेछ ।

(६) नदीजन्य पदार्थ प्रशोधनकर्ता फर्म वा कम्पनीले आफ्नै खर्चमा वन कार्यालयको सहयोग लिई प्रशोधन गर्ने क्षेत्रको वरिपरी कम्तीमा दुई तहको वृक्षारोपण वा सेल्टरवेल्ट स्थापना गर्नु पर्नेछ

(७) प्रशोधनकर्ताले सूर्योदय देखि सूर्यास्तसम्मको समयमा मात्र प्रशोधन गर्न पाइनेछ । प्रशोधित पदार्थको स्टक चेकजाँच जिल्ला अनुगमन तथा समन्वय समितिले गर्नु पर्नेछ ।

(८) प्रशोधन सम्बन्धी क्रसर तथा वालुवा उद्योग संचालक फर्म वा कम्पनीले अनुगमन समितिलाई अनुगमन कार्यमा पूर्ण सहयोग गर्नु पर्नेछ ।

(९) क्रसर उद्योगहरुको दूरीको मापदण्ड पालना नगर्ने साथै तोकिएको स्थानमा उद्योग संचालन नगर्ने उद्योगहरुलाई अनिवार्य रुपमा तोकिएका शर्तहरु पालना गर्न लगाउने र यसको नियमित एवं प्रभावकारी रुपमा अनुगमन गर्ने दायित्व सम्बन्धित स्थानीय तह र जिल्ला अनुगमन तथा समन्वय समितिको हुनेछ । सर्त पालना गर्न नमानेमा प्रचलित कानून वमोजिम कारवाही हुनेछ ।

(१०) उद्योगले वार्षिक प्रगति प्रतिवेदन हरेक वर्ष सम्बन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ।

(११) वालुवा, पांङ्गो धुने र प्रशोधन गर्ने मेसिन (फिरफिरे) संचालन गर्दा निस्कासन भएको धुलो, फोहर आदिलाई प्रशोधन गर्ने व्यवस्था मिलाई प्रशोधित पानी मात्र नदीमा मिसाउने व्यवस्थालाई सम्बन्धित स्थानीय तहले कडाईका साथ लागू गराउनु पर्नेछ ।

(१२) जिल्ला अनुगमन तथा समन्वय समितिले अनुगमनको आधारमा क्रसर उद्योगहरुको काम कारबाही रोक्न सक्नेछ ।

(१३) नदीजन्य पदार्थ प्रशोधन गर्ने उद्योगले प्रचलित वातावरण संरक्षण ऐन तथा नियमावली बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गरी सम्बन्धित निकायबाट स्वीकृत गराई एक प्रति आफुसंग राखे र एक/एक प्रति आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(१४) यो कार्यविधि स्वीकृत पश्चात स्थापना हुने नयाँ नदीजन्यपदार्थ प्रशोधन गर्ने उद्योग वा नयाँ क्रसर उद्योग स्थापना गर्दा हरेक वडामा एक उद्योगवाट अर्को उद्योगको बीचको दुरी एक किलोमिटरको भन्दा वढि हुनुपर्नेछ ।

सचिव

उपसचिव (प्रा.)

परिच्छेद-८

## विविध

१९. **आयोजना संचालन गर्दा उत्खनन् हुने पदार्थ सम्बन्धी ब्यवस्थाः** सडक तथा अन्य भौतिक पूर्वाधारका आयोजना निर्माणका क्रममा उत्खनन् हुने ढुङ्गा गिट्टी वालुवा माटो जस्ता पदार्थहरु सम्बन्धित आयोजनाले प्रयोग गर्ने भएमा तोकिएको शुल्क बुझाई प्रयोग गर्न सक्नेछ । आयोजनाले प्रयोग नगर्ने भएमा वा प्रयोग भई बढीहुने भएमा सम्बन्धित स्थानीय तहले भण्डारण गरी प्रचलित कानून वमोजिम लिलाम बिक्री गर्नु पर्नेछ ।

२०. **उत्खनन् गर्न अनुमति लिनुपर्नेः** माछापोखरी निर्माण, पेट्रोलपम्प निर्माण, आवास क्षेत्र निर्माण लगायतका वहानामा अनुमति बिना ढुंगा, गिट्टी, वालुवा उत्खनन् गर्न पाइने छैन । निजी जग्गाबाट ढुंगा, गिट्टी, वालुवा तथा माटो उत्खनन् गर्नुपर्ने अवस्था आएमा दफा ७ बमोजिमको राजस्व तिरी स्थानीय तहबाट अनुमति लिएर मात्र उत्खनन्, संकलन र विक्री वितरण गर्न सकिने छ ।

२१. **स्थानीय वजार मूल्य निर्धारणः** (१) स्थानीय वजारमा विक्री वितरण गरिने नदीजन्य पदार्थको मूल्य निर्धारण गर्न देहाय वमोजिमको एक मूल्य निर्धारण समिति रहनेछ ।

(क) जिल्ला समन्वय समितिको प्रमुख -संयोजक
(ख) जिल्ला प्रशासन कार्यालयले तोकेको अधिकृत प्रतिनिधि -सदस्य
(ग) आर्थिक मामिला तथा योजना मन्त्रालयले तोकेको अधिकृत प्रतिनिधि -सदस्य
(घ) मन्त्रालयले तोकेको अधिकृत प्रतिनिधि -सदस्य
(ङ) सम्वन्धित स्थानीय तहले तोकेको अधिकृत वा प्रतिनिधि -सदस्य
(च) ठेक्का सकार कर्ताको प्रतिनिधि -सदस्य
(छ) क्रसर व्यावसायी संघले तोकेको प्रतिनिधि -सदस्य

(२) उपदफा (१) वमोजिमको मूल्य तथा प्रशोधनका लागि लाग्ने लागत रकमको आधारमा कच्चा, अर्धप्रशोधित तथा प्रशोधित नदी जन्य पदार्थको वजारमूल्य निर्धारण गर्नेछ ।

(३) उपदफा (१) वमोजिमको समितिले मूल्य निर्धारण गर्दा छिमेकी स्थानीय तह, छिमेकी जिल्लाको स्थानीय दरलाई पनि आधार लिनु पर्नेछ ।

(४) नदीजन्य पदार्थ स्थानीय तह भन्दा वाहिर निकासी गर्दा विक्रि मूल्यमा ढुवानी रकम थप गरी मूल्य निर्धारण गरिनेछ ।

२२. **सम्वेदनशील क्षेत्र घोषणा गर्न सक्नेः** ढुंगा, गिट्टी, बालुवा, माटोको उत्खनन् वा संकलन गर्दा माटो, पानी, कृषियोग्य जमिन, जैविक विविधता जस्ता प्राकृतिक वातावरण तथा सडक, नहर, कूलो, स्कूल, कलेज, मानवबस्ती जस्ता भौतिक पूर्वाधारको संरक्षणका लागि आवश्यक परेमा प्रदेश सरकारले प्रदेशभित्रको कुनै नदी वा खोला क्षेत्रलाई चार किल्ला खुलाई निश्चित अवधिका लागि सम्वेदनशील क्षेत्र घोषणा गरी ढुंगा, गिट्टी, बालुवा, माटो, उत्खनन् र संकलनमा रोक लगाउन सक्नेछ ।

उपसचिव (प्रा.)

प्रदेश सचिव

२३. <u>विदेश निकासी सम्बन्धी व्यवस्थाः</u> ढुङ्गा, गिट्टी, वालुवा जस्ता पदार्थ उत्खनन् गरी निकासी गर्दा मूल्य अभिवृद्धि गर्न कम्तिमा एक तह प्रशोधन गरी निकासी गर्नु पर्नेछ । तर निकासी सम्बन्धी व्यवस्था नेपाल सरकारको निर्णय बमोजिम हुनेछ ।

२४. <u>संरक्षण कार्यमा खर्च गर्नु पर्नेः</u> नदी जन्य पदार्थको संकलन, प्रशोधन तथा विक्रिवितरण गर्ने उद्योगले खूद नाफाको दुई प्रतिशत रकम मन्त्रालयले तोकेको भू-संरक्षण कार्यमा खर्च गर्नु पर्नेछ वा सो रकम मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।

२५. <u>चुरे क्षेत्र सम्बन्धी व्यवस्थाः</u> चुरे क्षेत्रमा रहेको नदीजन्य पदार्थ संकलन गर्दा चुरे क्षेत्र पर्ने स्थानीय तहले हरेक आ.ब.को कार्ययोजना जिल्ला समन्वय समितिमा पठाउदा राष्ट्रपति चुरे तराइ मधेस संरक्षण विकास समितिको सहमति लिनुपर्नेछ ।

२६. कार्यविधि विपरीत कार्य गर्नेलाई कारवाही हुनेः यो कार्यविधिमा विपरीत कार्य गर्नेलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

२७. <u>अनुसूचीमा हेरफेर गर्न सक्नेः</u> यो कार्यविधिको अनुसूचीमा प्रदेश सरकारले आवश्यकतानुसार थपघट, हेरफेर र संशोधन गर्न सक्नेछ ।

२८. <u>फारम तयार गरी प्रयोग गर्न सक्नेः</u> यो कार्यविधि कार्यान्वयनको लागि आवश्यक पर्ने फारम सम्बन्धित स्थानीय तहले तयार गरी प्रयोग गर्न सक्नेछ ।

२९. <u>बाधा अड्काउ फुकाउनेः</u> यो कार्यविधि कार्यान्वय गर्ने क्रममा कुनै बाधा अड्चन आएमा मन्त्रालयको निर्णय अन्तिम हुनेछ । यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयलेले आवश्यकता अनुसार व्याख्या गरी निर्देशन गर्न सक्नेछ ।

३०. <u>विवाद समाधान</u>ः स्थानीय तहहरु बीच नदीको सिमाना तथा ढुंगा, गिट्टी, बालुवा, माटो संकलन गर्ने विषयमा विवाद उत्पन्न भएमा मन्त्रालयको समन्वयमा विवादको समाधान गर्नु पर्नेछ।

३१. <u>खारेजी र बचाउः</u> यस कार्यविधि लागू भएको मितिदेखि विभिन्न जिल्ला समन्वय समितिले जारी गरेका प्राकृतिक स्रोतको उपयोग सम्बन्धी फरक फरक कार्यविधि/निर्देशिकाहरु खारेज हुनेछन्। तर ती कार्यविधि/निर्देशिकाको सेवा, शर्त अनुसार भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूचीः १

(परिच्छेद- ४ को दफा ८ (५) संग सम्बन्धित)

<u>नदीजन्य पदार्थ संकलन ईजाजत/अनुमति पत्र</u>

................................ महा/उप/नगरपालिका/गाउँपालिका को कार्यालय

................................

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

ईजाजत नंः मितिः

१. संकलन/उत्खनन् गर्न अनुमति प्राप्त गर्ने फर्म/कम्पनी वा संस्थाको

नामः ठेगानाः

PAN/VAT नः प्रोपाईटरको नाम र फोन नः

२. संकलन गर्ने स्थान

ठेगानाः

नदी/खोलाको नामः

चारकिल्लाः

पूर्वः पश्चिमः

उत्तरः दक्षिणः

लम्बाईः चौडाइः जि.पि.एस. लोकेशनः

३. IEE/EIA मा उल्लेखित संकलन गर्न सकिने परिमाणः

४. उत्खनन् अनुमतीको परिमाण (घन फीट)

५. प्रवेश तथा निकासी गर्ने नाका वा स्थानको नामः

६. उत्खननमा प्रयोग हुने मेसिन तथा सवारी साधनको विवरणः

७. घाटगद्धी गर्ने स्थानको

ठेगानाः

चारकिल्लाको

पूर्वः पश्चिमः

उत्तरः दक्षिणः

जि.पि.एस. लोकेशनः

<u>ईजाजत दिने कर्मचारीको</u>

नाम र थरः

पदः

हस्ताक्षरः

कार्यालयको छापः

उपसचिव (प्र

प्रदेश सचिव

अनुसूचीः २

(परिच्छेद- ४ को दफा १० (६) संग सम्बन्धित)

## नदी/खोला/नदीजन्य पदार्थ संकलन क्षेत्र प्रवेश आदेश

................................ महा/उप/नगरपालिका/गाउँपालिका को कार्यालय

................................

प्रवेश ईजाजत मितिः समयः ईजाजत नंः

१. संकलन गर्ने स्थानको

नदी/खोलाको नामः

प्रवेश तथा निकासीको नाका वा स्थानको नामः

२. नदी/खोला प्रवेश आदेश विवरण

निकासी गरी लैजानेको

नामः

ठेगानाः

सम्पर्क फोन नः

३. निकासीगरिने पदार्थको नामः

४. ढुवानी गरी लैजाने साधनको किसिमः

५. सवारी नः

६. निकासी गरिने पदार्थको परिमाण (घन फिट):

प्रवेश आदेश दिने कर्मचारीको

नाम र थरः

सहिः

इजाजत प्राप्त गर्नेको प्रतिनिधि

नाम र थरः

सहिः

उपसचिव (प्रा.)

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूचीः ३

(परिच्छेद- ७ को दफा १८ (१) संग सम्बन्धित)

<u>दुरी सम्बन्धी मापदण्ड</u>

क्रसर उद्योगहरुको स्थापना सम्वन्धमा नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७०।०३।[illegible] मिति २०७०।०५।१७ को निर्णयलाइ प्रमुख आधार मानी भौगोलिक विषमातको आधारमा जनसंख्या तथा वातावरण मन्त्रालयको रोडा ढुङ्गा संकलन तथा क्रशर उद्योगको दुरी सम्बन्धी मापदण्ड, २०७३ अनुसार क्रसर उद्योग स्थापना गर्दा पालना गर्नुपर्ने दुरी सम्बन्धी मापदण्डः-

| क्र.स. | विवरण | दुरी सम्वन्धी मापदण्ड | |
|---|---|---|---|
| | | पहाडी क्षेत्रको हकमा | तराइ तथा भित्री मधेश हकमा |
| क | नदी, खोलाको वर्षातको प्रवाह सीमा किनारबाट | ३०० मि. | ५०० मि. |
| ख | हाईटेन्सन लाईनबाट | १०० मि. | १०० मि. |
| ग | राजमार्गको Right of Way बाट | ३०० मि. | ५०० मि. |
| घ | शिक्षण संस्था, स्वास्थ संस्था, धर्मिक, सांस्कृतिक, पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकायबाट | १ कि.मि. | २ कि.मि. |
| ङ | निकुञ्ज, आरक्ष र संरक्षण क्षेत्रबाट | २ कि.मि. | २ कि.मि. |
| च | घना वस्तीबाट | २ कि.मि. | २ कि.मि. |
| छ | वनक्षेत्रबाट | १ कि.मि. | २ कि.मि. |
| ज | पक्की पुलबाट | ५०० मि. | ५०० मि. |
| झ | अन्तर्राष्ट्रिय सीमाबाट | कम्तिमा १ कि.मि. | कम्तिमा १ कि.मि. |

नोटः दूरी मापन गर्दा उद्योगको अन्तिम सीमानाको बाहिरी घेराबाट मापन गर्नु पर्नेछ ।

उपसचिव (प्रा.)

प्रदेश सचिव